**निर्वाचन आयोग, नेपाल**

# निर्वाचन तथा मतदाता शिक्षा नीति, २०७८

## १. पृष्ठभूमि

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययीरूपमा सम्पन्न गर्नको लागि निर्वाचन तथा मतदाता शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । निर्वाचन शिक्षाले आमनागरिकलाई आफ्नो राजनीतिक अधिकारको उपयोग गर्न सक्षम र सचेत बनाउँछ भने मतदाता शिक्षाले मतदातालाई मतदानको महत्वबारे स्पष्ट गरी सही तरिकाले मतदान गर्न सिकाउँदछ । त्यसैले आमनागरिकहरूलाई निर्वाचनप्रति उत्प्रेरित गरी निर्वाचनको हरेक प्रक्रियामा उनीहरुको सहभागिता बढाउनको लागि निर्वाचन तथा मतदाता शिक्षा अपरिहार्य रहेको हुन्छ । निर्वाचन तथा मतदाता शिक्षा मार्फत निर्वाचनमा आममतदाताको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न हरेका तह र चरणका निर्वाचनमा बदर मतको सङ्ख्या उल्लेख्य रुपमा घटाउन तथा मतदान मार्फत लोकतान्त्रिक विधि र प्रक्रियालाई बढी मजबुत बनाउन आवश्यक भएको छ ।

निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचनमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न तथा मतदान प्रक्रिया र मतदाताका अधिकारको सम्बन्धमा मतदातालाई जानकारी गराउन आयोगले मतदाता जागरण कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ । वि.सं. २०७४ सालमा सम्पन्न विभिन्न तह र चरणका निर्वाचनको समीक्षा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण प्रतिवेदनहरूमा समेत निर्वाचन तथा मतदाता शिक्षा प्रभावकारी रुपमा सञ्चालन गर्न आयोगलाई सुझाव प्राप्त भएको तथा निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्वाचन व्यवस्थापन एवम् नागरिक शिक्षामा समन्वय र सहकार्य अभिवृद्धि गर्ने उल्लेख भएको सन्दर्भमा निर्वाचन र मतदाता शिक्षाको भूमिकालाई अझ सुदृढ बनाई निर्वाचनका हरेक चरणमा मतदानको महत्वलाई स्पष्ट पार्दै निर्वाचन प्रक्रियामा आमनागरिक तथा मतदाताको अर्थपूर्ण र सक्रिय सहभागिता गराई बदर मतलाई न्यूनीकरण गर्नका लागि निर्वाचन तथा मतदाता शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी यो निर्वाचन तथा मतदाता शिक्षा नीति, २०७८ तयार गरिएको छ ।

## २. विगतका प्रयास

### २.१ विक्रम सम्वत् २०६३ साल अघिको अवस्थाः

निर्वाचन आयोगले विगतका निर्वाचनमा मतदाताको सहभागिता अभिवृद्धि गर्ने एवम् बदर मत प्रतिशतलाई घटाउने उद्देश्यले विभिन्न तरिका र माध्यमबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । आमनिर्वाचन, २०१५ मा रेडियो नेपालबाट गीति सन्देश प्रसारण तथा गोरखापत्र र अन्य समाचारका माध्यमबाट मतदाता शिक्षा दिईएको पाइन्छ भने त्यस पछिका निर्वाचनहरुमा समेत मतदाता शिक्षालाई कुनै न कुनै रुपमा सम्बोधन गरेको पाइन्छ । विक्रम सम्वत् २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना भए पश्चात भएका विभिन्न निर्वाचनहरूमा आयोगले रेडियो तथा टेलिभिजन एवम् छापा माध्यमबाट व्यवस्थित तरिकाले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ ।

## २.२ विक्रम सम्वत् २०६३ सालदेखि हालसम्मको अवस्था:

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम मिश्रित निर्वाचन प्रणाली अपनाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली अनुरूप संविधान सभा सदस्य निर्वाचन, २०६४ सम्पन्न भएको थियो । यस निर्वाचनमा मतदाताले दुई वटा मतपत्रमा मतदान गर्नुपर्ने भएकोले निर्वाचन आयोगले मतदाता शिक्षालाई बृहतरूपमा सञ्चालन गरेको थियो । निर्वाचनमा मतदाता सचेतनाको लागि सरोकारवालाको समेत सहभागितामा आयोगलाई उपलब्ध श्रोत साधनको कुशलतापूर्वक परिचालन गरी विभिन्न जनचेतनामूलक कार्यक्रमहरू समेत सञ्चालन गरेको पाइन्छ ।

संविधान सभा सदस्य निर्वाचनको अवधिमा मतदाता शिक्षामा सबै जाति, भाषा, क्षेत्र, वर्ग र समुदायको बृहत सहभागिताका लागि आयोगले मतदाता तथा नागरिक शिक्षा नीति, २०६४ तर्जुमा गरी सोही अनुरूप कार्यक्रमहरू सञ्चालन गरेको थियो भने अर्को संविधान सभा सदस्य निर्वाचनलाई लक्षित गरी मतदाता शिक्षा नीति, २०७० तर्जुमा गरी कार्यान्वयन गरेको थियो । त्यसैगरी, स्थानीय तह निर्वाचनको सन्दर्भमा मतदाता शिक्षा नीति, २०७३ र प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनको सन्दर्भमा मतदाता शिक्षा नीति, २०७४ तर्जुमा गरी सोही नीति अनुरुप कार्यक्रमहरु सञ्चालन गरिएका थिए । यसैक्रममा निर्वाचन तथा मतदाता शिक्षा व्यवस्थापन र सञ्चालनमा थप प्रभावकारिता र निरन्तरताका लागि वि.सं. २०६९ साल जेष्ठ ११ गते आयोग परिसर काठमाडौंमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre-EEIC) को स्थापना गरियो ।

वि.सं. २०६४ सालमा सम्पन्न संविधान सभा सदस्य निर्वाचन र २०७० मा सम्पन्न अर्को संविधान सभा सदस्य निर्वाचनको अनुभव तथा प्राप्त पृष्ठपोषणका आधारमा आयोगले वि.सं. २०७४ सालमा सम्पन्न गरेका स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि मतदाता शिक्षा कार्यक्रम सम्बन्धी निर्देशिकाहरु जारी गरी सोही बमोजिम मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । टेलिभिजन तथा रेडियोका साथै निर्वाचन आयोगको सामाजिक सञ्जाल (फेसबुक, ट्वीटर, वेबसाइट) पृष्ठ मार्फत समेत आमनागरिक तथा मतदातालाई सन्देश प्रवाह गरिएको थियो ।

## ३. वर्तमान स्थिति :

निर्वाचन तथा मतदाता शिक्षा व्यवस्थापन र सञ्चालनका लागि आयोग परिसरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (EEIC) को स्थापना भई सो केन्द्रबाट निरन्तर रूपमा निर्वाचन शिक्षा सम्वन्धी क्रियाकलापहरु सञ्चालन भईरहेका छन् । उक्त केन्द्रबाट सञ्चालित क्रियाकलापहरु विकेन्द्रित गरी प्रभावकारी रुपमा सञ्चालन गर्न विराटनगर, पोखरा, सुर्खेत र धनगढीमा समेत निर्वाचन शिक्षा तथा सूचना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ । निर्वाचन शिक्षाको सहज पहुँच नभएका दुर्गम स्थानका मतदाता तथा विद्यार्थीहरूलाई लक्षित गरी घुम्ती निर्वाचन शिक्षा मार्फत केन्द्रमा जस्तै प्रविधिमैत्री निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

निर्वाचन शिक्षालाई समुदायसम्म प्रभावकारी रूपमा विस्तार गर्न वि.सं. २०७० सालदेखि माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण प्रदान गरिँदै आएको छ । निर्वाचन तथा मतदाता शिक्षाको विकास र विस्तारका लागि सरकारी तथा गैर

सरकारी संघसंस्था, नागरिक समाज लगायतका निर्वाचनका सरोकारवालासंग समन्वय तथा सहकार्य भईरहेको छ । यसका अतिरिक्त आयोगले निर्वाचन तथा मतदाता शिक्षाको क्षेत्रमा देहायका कार्यहरु गर्दै आएको छ :

३.१ कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरू मार्फत घरपरिवारस्तरमा निर्वाचन तथा मतदाता शिक्षा पुऱ्याउने उद्देश्यले विद्यालयस्तरमा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन,

३.२ आममतदाता र शिक्षक एवम् विद्यार्थीलाई लक्षित गरी निर्वाचन तथा मतदाता शिक्षामा क्षमता अभिवृद्धि गराउने उद्देश्यले निर्वाचन सम्बन्धी मोवाइल एप, निर्वाचनको महत्व सम्बन्धी छोटो जनचेतनामुलक चलचित्र, श्रव्यदृश्य सामग्री र एनिमेशन भिडियो निर्माण तथा प्रसारण,

३.३ समुदायमा आधारित संघसंस्थाहरूसँगको साझेदारीमा आमनागरिकलाई निर्वाचन तथा मतदाता शिक्षा प्रदान,

३.४ आयोगको वेबसाइट, प्रेस विज्ञप्ति, फेसबुक, प्रकाशनका अतिरिक्त विभिन्न छापा, रेडियो, टेलिभिजन, घरदैलो, आउटरिच (Outreach) जस्ता कार्यक्रम मार्फत निर्वाचन सम्बन्धी सूचना एवम् जानकारी प्रसारण,

३.५ लोक सेवा आयोग लगायत प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गर्ने निकायका पाठ्यक्रममा निर्वाचन विषयलाई समावेश गराउन पहल एवम् स्थानीय तथा प्रदेश सरकारसँग निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रममा समन्वय एवम् सहकार्यका लागि जोड,

३.६ निर्वाचनको अवधिमा मतदाता शिक्षा सम्बन्धी छपाई सामग्री, श्रव्यदृश्य (Audio-Video) सामग्रीको उत्पादन, रेडियो, टेलिभिजनबाट प्रसारण, घरदैलो तथा आउटरिच कार्यक्रम, विभिन्न भाषामा मतदाता शिक्षा सामग्री तयारी, वितरण र प्रसारण, प्रवर्द्धनात्मक सामग्री उत्पादन र वितरण जस्ता विविधतामूलक मतदाता शिक्षा कार्यक्रम सञ्चालन ।

## ४. समस्या, चुनौती र अवसर

### ४.१ समस्या

निर्वाचन तथा मतदाता शिक्षालाई व्यवस्थित बनाउने सम्वन्धमा  देहाय बमोजिम कठिनाई रहेका छन् :

४.१.१ संगठन  संरचना र दक्ष जनशक्ति सहित नियमित बजेटको व्यवस्था हुन नसक्दा निर्वाचनका सबै चरणमा निर्वाचन शिक्षा कार्यक्रमको निरन्तरता नहुनु

४.१.२ निर्वाचन तथा मतदाता शिक्षालाई नागरिक जागरणको माध्यमको रुपमा विकास गर्न नसकिनु,

४.१.३ निर्वाचन तथा मतदाता शिक्षा लक्षित समूहको पहुँचसम्म प्रभावकारी रुपमा पुऱ्याउन नसकिनु,

४.१.४ स्थानीय तहसँग समन्वय र सहकार्य गरी स्थानीय तहमा निर्वाचन तथा मतदाता शिक्षाको आन्तरिकीकरण गराउन नसकिनु,

४.१.५ निर्वाचन तथा मतदाता शिक्षाका लागि तयार गरिएका सबै सामग्रीहरू विद्युतीय रूपमा अभिलेखीकरण र सम्प्रेषण गर्ने स्वचालित पद्धति नहुनु,

४.१.६ मतदाता शिक्षा कार्यक्रमको प्रभावकारी अनुगमनको लागि स्रोत र साधन पर्याप्त नहुनु,

४.१.७ मतदाताहरुलाई जागरुक र उत्प्रेरित गरी सघन, नियमित र प्रभावकारी रूपमा निर्वाचन शिक्षा, मतदाता शिक्षा र नागरिक सचेतनाका कार्यक्रम पुऱ्याउनु नसकिनु ।

## ४.२ चुनौती

निर्वाचन तथा मतदाता शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमका चुनौती रहेका छन् :–

४.२.१ निर्वाचन तथा मतदाता शिक्षा सामग्रीको निर्माण तथा कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्न आवश्यक श्रोत साधनको सुनिश्चित गर्ने,

४.२.२ निर्वाचन तथा मतदाता शिक्षालाई प्रदेश तथा स्थानीय तहको प्राथमिकताको विषय बनाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न स्थानीय तह एवम् प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्ने,

४.२.३ भौतिक पूर्वाधार, संगठन संरचना र जनशक्ति सहितको निर्वाचन शिक्षा तथा सूचना केन्द्रको विस्तार गर्ने,

४.२.४ सूचना तथा सञ्चार प्रविधिले सृजना गरेका अवसरको सदुपयोग गरी निर्वाचन तथा मतदाता शिक्षाको विस्तार गर्ने,

४.२.५ निर्वाचन तथा मतदाता शिक्षामा विशिष्ट ज्ञान, सीप र अनुभव भएका दक्ष जनशक्ति टिकाई (Retention) राख्ने,

४.२.६ मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि आवश्यक ज्ञान, सीप र अनुभव भएका दक्ष जनशक्ति स्थानीय स्तरमा उपलब्ध गराउने,

## ४.३. अवसर

निर्वाचन तथा मतदाता शिक्षालाई व्यवस्थित एवम् प्रभावकारी बनाउन देहाय बमोजिमका अवसर रहेका छन् :

४.३.१ निर्वाचन तथा मतदाता शिक्षालाई विस्तार गर्न केन्द्रदेखि जिल्लास्तरसम्म निर्वाचन आयोगका संस्थागत संरचना र सबै स्थानीय तहमा निर्वाचन सम्पर्क व्यक्तिको व्यवस्था हुनु,

४.३.२ आवधिक निर्वाचनको संवैधानिक सुनिश्चितता एवम् उपनिर्वाचनको प्रावधानले निर्वाचन तथा मतदाता शिक्षाको निरन्तरता बोध हुनु,

४.३.३ निर्वाचनमा लैङ्गिक तथा समावेशी सहभागिता र प्रतिनिधित्वको संवैधानिक व्यवस्था रहनु,

४.३.४ निर्वाचन तथा मतदाता शिक्षालाई आमनागरिकमा पुऱ्याउन सूचना तथा सञ्चार क्षेत्रका नविनतम प्रविधिहरू उपयोग गर्ने वातावरण निर्माण हुनु,

४.३.५ संघ, प्रदेश र स्थानीय तहमा तर्जुमा हुने कानूनहरूमा निर्वाचन तथा मतदाता शिक्षाका विषयलाई मूलप्रवाहीकरण गर्न अनुकूल वातावरण रहनु,

४.३.६ संघीय संरचना अनुरूप संघ, प्रदेश र स्थानीय तह तथा राजनीतिक दल एवम् सरोकारवाला निकायबीच समन्वय कायम गरी निर्वाचन तथा मतदाता शिक्षालाई निरन्तर रूपमा जिम्मेवारीका साथ सञ्चालन गर्ने सम्भावना हुनु,

४.३.७ निर्वाचन तथा मतदाता शिक्षाको क्षेत्रमा महाविद्यालय, विद्यालय, गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी, नीजि क्षेत्र एवम् नागरिक समाजको सहभागिता अभिवृद्धि गर्ने अवस्था विद्यमान हुनु,

४.३.८ निर्वाचन प्रति नागरिकको चासो बढ्दै गएकोले सो बमोजिम नागरिकको अपेक्षा अनुसारका कार्यक्रम निर्माण गर्दै सञ्चालन गर्ने सम्भावना हुनु ।

## ५. नीतिको आवश्यकता

निर्वाचन आयोग ऐन, २०७३ ले आयोगले आवश्यकता अनुसार मतदाता जागरण कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ । वि. सं. २०७४ मा सम्पन्न तीनै तहको निर्वाचन पछि सम्पन्न निर्वाचन समीक्षा तथा वि.सं. २०७४ मा निर्वाचन आयोग र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले संयुक्त रूपमा गरेको लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन प्रतिवेदनका साथै निर्वाचन पर्यवेक्षकको प्रतिवेदनले मतदाता शिक्षालाई निर्वाचनका तीनै चरणमा निरन्तर रूपमा सञ्चालन गर्नुपर्ने भनी दिएको सुझावलाई कार्यान्वयन गर्दै जानुपर्ने देखिएको छ । विभिन्न तहगत निर्वाचनमा मतदाताले मतदान गरेका मतपत्रहरु मध्ये बदर भएका मतहरुको विश्लेषण गर्दा विभिन्न खालका तथ्यहरु फेला परेका छन् । शहरी क्षेत्र तथा साक्षर दर बढी भएका क्षेत्रमा समेत बदर मतको प्रतिशत बढी रहेको पाइएको छ भने दुर्गम र निरक्षर मतदाता बसोबास गर्ने क्षेत्रमा भएको मतदानमा बदर मत प्रतिशत अपेक्षाकृत कम पाइएको छ । यसबाट मतदाताहरु मतदान गर्ने प्रक्रियासँग सुसूचित हुनैपर्ने तथ्य उजागर भएको हुँदा निर्वाचन एवम् मतदाता शिक्षा सम्बन्धी स्पष्ट नीति एवम् कार्यक्रमहरु तय गरी कार्यान्वयनमा लैजान जरुरी भएको छ ।

विगतमा प्रत्येक निर्वाचनलाई लक्षित गरी मतदाता शिक्षा नीति तर्जुमा गरिएको हुँदा ती नीतिहरु निर्वाचन पूर्व र निर्वाचन पश्चातको चरणहरुमा समेत निरन्तर रुपमा प्रयोगमा आउन नसकेको अवस्था विद्यमान छ । ती नीतिहरु नेपाल सरकारले निर्दिष्ट गरेको नीति दस्तावेजको ढाँचा अनुरुप समेत तयार नभई आवधिक निर्वाचन प्रयोजनलाई लक्षित गरी आयोगबाट जारी भएको देखिन्छ । तसर्थ, विगतमा तर्जुमा गरिएका निर्वाचन तथा मतदाता शिक्षा नीतिहरुलाई प्रतिस्थापन गर्ने गरी निर्वाचन व्यवस्थापनका सबै चरणमा प्रयोग गर्न मिल्ने गतिशील दस्तावेजको रुपमा निर्वाचन तथा मतदाता शिक्षा नीति तर्जुमा गरिनु अपरिहार्य भएको छ ।

आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्वाचन व्यवस्थापन एवम् नागरिक शिक्षामा समन्वय र सहकार्य अभिवृद्धि गर्ने रणनीति रहेको छ । उक्त रणनीति अन्तर्गत निर्वाचन शिक्षामा महाविद्यालय,

विद्यालय, राजनीतिक दल, स्थानीय तह, गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी, नीजि क्षेत्र एवम् नागरिक समाजको सहभागिता अभिवृद्धि गर्ने कार्यनीतिहरु रहेका छन् । निर्वाचन तथा मतदाता शिक्षालाई वृहत रूपमा निरन्तर सञ्चालन गरी निर्वाचन व्यवस्थापनलाई चुस्त बनाउन देहायका विषयको सम्बोधन गर्न निर्वाचन तथा मतदाता शिक्षा नीति आवश्यक देखिएको छ ।

५.१ संघीय संरचनाका तीनवटै तहहरूको भूमिका सुनिश्चित गरी निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न,

५.२ निर्वाचनका तीन वटै चरणहरूमा निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी गतिविधि र क्रियाकलापहरू व्यवस्थित र नियमित रूपमा सञ्चालन गर्न,

५.३ निर्वाचनका सरोकारवाला, लक्षित वर्ग तथा समुदायलाई निर्वाचन तथा मतदाता शिक्षाबाट सुसूचित गराई अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न,

५.४ निर्वाचन तथा मतदाता शिक्षामा सबै नागरिक तथा मतदाताको पहुँच अभिवृद्धि गर्न,

५.५ निर्वाचन तथा मतदाता शिक्षाको प्रभावकारी सम्प्रेषणबाट लोकतन्त्रको सुदृढीकरणमा टेवा पुऱ्याउन,

५.६ आमनागरिक तथा मतदाताको क्षमता अभिवृद्धि गराउँदै बदर मतको प्रतिशतलाई न्युनीकरण गर्न,

५.७ निर्वाचन सम्बन्धी नीति, कानुनी व्यवस्था एवम् निर्वाचनका विधि र प्रक्रियाको बारेमा सबै नागरिक तथा मतदातालाई जानकारी गराउन,

५.८ निर्वाचन शिक्षालाई सामाजिक सञ्जाल र अन्य विभिन्न सञ्चार माध्यम मार्फत समेत आमनागरिक तथा मतदाता समक्ष छिटो छरितो एवम् प्रभावकारी रूपमा पुऱ्याउन,

५.९ निर्वाचन तथा मतदाता शिक्षा प्रदान गर्ने कार्यमा सरकारी क्षेत्र, गैर सरकारी संघ संस्था तथा विकास साझेदार संस्थाको सहयोग प्राप्तिका साथै सहकार्य र समन्वयको खाका सुनिश्चित गर्न,

५.१० निर्वाचन तथा मतदाता शिक्षा सञ्चालनमा स्पष्टता, सामञ्जस्यता, निरन्तरता कायम गरी प्रभावकारिता अभिवृद्धि गर्न,

५.११ निर्वाचन तथा मतदाता शिक्षालाई सर्वव्यापी, गुणस्तरीय, प्रायोगिक र व्यवहारिक बनाई सहभागिता अभिवृद्धि गर्दै मताधिकार सुनिश्चित गर्न ।

## ६. संगठनात्मक प्रतिवद्धता

निर्वाचन तथा मतदाता शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनका लागि आयोगले देहाय बमोजिमका प्रतिवद्धता जनाएको छ :-

६.१ लैङ्गिक तथा समावेशीता प्रवर्द्धन

निर्वाचन तथा मतदाता शिक्षा सञ्चालनका हरेक चरण, प्रक्रिया र क्रियाकलाप सञ्चालन गर्दा आयोगको निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीतिलाई आत्मसात गरी महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अन्य सीमान्तकृत समुदायको समावेशीता प्रवर्द्धन गर्नेछ ।

६.२ पहुँच अभिवृद्धि

निर्वाचन तथा मतदाता शिक्षा सामग्री तथा कार्यक्रमहरूमा आमनागरिक तथा मतदाताको सहज पहुँच अभिवृद्धि गर्नेछ ।

६.३ निष्पक्षता

निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, लिङ्ग, जातजाति, समुदाय बीच कुनै भेदभाव नगरी निष्पक्ष व्यवहार गर्नेछ ।

६.४ समन्वय र साझेदारी

निर्वाचन तथा मतदाता शिक्षालाई आममतदाता समक्ष प्रभावकारी रूपमा पु¥याउन विभिन्न निकाय र अन्य सरोकारवाला संघसस्थासँग निरन्तर समन्वय र साझेदारी गर्नेछ ।

६.५ प्रविधिको प्रयोग

निर्वाचन तथा मतदाता शिक्षालाई आममतदाता समक्ष पु¥याउन नवीनतम प्रविधिको प्रयोग गर्नेछ ।

६.६ गुणस्तर कायम

निर्वाचन तथा मतदाता शिक्षाको लागि पाठ्यक्रम तथा पाठ्यसामग्री, सिकाइको उपयुक्त वातावरण, प्रायोगिक सिकाइ र गुणस्तरीयता कायम गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

## ७. दूरदृष्टि :

निर्वाचनमा मतदाताको अर्थपूर्ण सहभागिताका लागि निर्वाचन तथा मतदाता शिक्षा

## ८.ध्येय

निर्वाचन प्रक्रियामा नागरिकको सहज पहुँचको सुनिश्चितता गर्दै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र एवम् निष्पक्ष रूपमा सम्पन्न गर्ने

## ९. लक्ष्य

निर्वाचन शिक्षा मार्फत निर्वाचनमा नागरिकको सहभागिता बढाई बदर मत उल्लेख्य रुपमा न्यूनीकरण गर्ने

## १०. उद्देश्य

१०.१ निर्वाचन तथा मतदाता शिक्षाबाट आमनागरिकको चेतना अभिवृद्धि गरी स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन सम्पन्न गराउने,

१०.२. निर्वाचन तथा मतदाता शिक्षा मार्फत मतदातालाई निर्वाचनमा सहभागी हुन उत्प्रेरित गर्ने,

१०.३. बदर मतको प्रतिशत न्युनीकरण गर्ने ।

## ११. नीति

११.१ निर्वाचन चक्रका सबै चरणमा निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री एवम् सूचनामूलक श्रोत सामग्रीमा सबैको पहुँच सुनिश्चित गर्ने,

११.२ मुलुकको विविधतायुक्त परिवेश तथा आवश्यकता एवम् राष्ट्रिय, अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यासका आधारमा निर्वाचन तथा मतदाता शिक्षालाई परिमार्जित र व्यवस्थित गर्ने ।

११.३ निर्वाचन तथा मतदाता शिक्षा नीति कार्यान्वयनको लागि संघीय तथा प्रादेशिक सरकार, स्थानीय तह, राजनीतिक दल तथा सम्बद्ध निकाय र सरोकारवालासँगको समन्वय, सहकार्य र अन्तरसम्बन्धलाई सुदृढ बनाउने,

## १२. रणनीति

१२.१ निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम निर्वाचनका सवै चरणमा निरन्तर रुपमा सञ्चालन गर्ने तथा निर्वाचनको अवधिमा आवश्यकता अनुसार मतदाता शिक्षा विशेष कार्यक्रम सञ्चालन गर्ने,

१२.२. आवश्यकताका आधारमा नवीनतम प्रविधि एवम् विविधतायुक्त निर्वाचन तथा मतदाता शिक्षा सामग्री निर्माण गर्ने ।

१२.३. संघ तथा प्रदेश सरकार र स्थानीय तह एवम् अन्य सरोकारवालासँगको समन्वय र सहकार्यमा निर्वाचन तथा मतदाता शिक्षालाई प्रभावकारी बनाउने ।

## १३. कार्यनीति

निर्वाचन तथा मतदाता शिक्षा नीति कार्यान्वयनका लागि देहायका कार्यनीतिहरू अवलम्बन गरिनेछ ।

**रणनीति १: निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम निर्वाचनका सवै चरणमा निरन्तर रुपमा सञ्चालन गर्ने तथा निर्वाचनको अवधिमा आवश्यकता अनुसार मतदाता शिक्षा विशेष कार्यक्रम सञ्चालन गर्ने ।**

### कार्यनीति

१३.१ माध्यमिक, उच्च माध्यमिक तथा विश्वविद्यालयका शिक्षक एवम् प्राध्यापक मार्फत विद्यार्थी तथा परिवारसम्म र समुदायमा आधारित संघ संस्था मार्फत समुदायसम्म पुग्ने गरी निर्वाचन शिक्षा प्रदान गरिनेछ ।

१३.२ निर्वाचन शिक्षा तथा सूचना केन्द्र (EEIC) बाट प्रवाह हुने निर्वाचन शिक्षालाई निरन्तरता दिई विस्तार गर्दै लगिनेछ ।

१३.३ निर्वाचन शिक्षा तथा सूचना केन्द्र (EEIC) को स्थापना गर्न बाँकी रहेका प्रदेश सदरमुकामका निर्वाचन कार्यालयमा क्रमिक रूपमा केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ,

१३.४ रेडियो, एफ.एम., टेलिभिजन, अनलाइन लगायत आमसञ्चारका माध्यम मार्फत निर्वाचन शिक्षा सम्प्रेषण हुने व्यवस्था मिलाइनेछ ।

१३.५ आयोगका सूचना सन्देश तथा मतदाता शिक्षा सामग्रीलाई आयोगको वेबसाइट एवम् सामाजिक सञ्जाल पृष्ठ मार्फत सम्प्रेषण गरी त्यस्ता सामग्रीमा आम नागरिक तथा मतदाताहरूको पहुँच बढाइनेछ ।

१३.६ निर्वाचन लक्षित मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि पाठ्यक्रम तयार गरी तालिम तथा अभिमुखीकरण कार्यक्रम मार्फत जनशक्तिको पुनर्ताजगी गरिनेछ,

१३.७ निर्वाचनको अवधिमा निर्वाचनका विधि र प्रक्रियाबारे आम मतदाता तथा सरोकारवालालाई लक्षित गरी विविधतायुक्त मतदाता शिक्षा सामग्रीको निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ,

१३.८ निर्वाचनका विधि र प्रक्रिया बारे आममतदातालाई स्पष्ट पार्न नमूना मतदान जस्ता प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ,

१३.९ निर्वाचन लक्षित मतदाता शिक्षाका लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था एवम् समुदायमा आधारित संघ संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।

**रणनीति २: आवश्यकताका आधारमा नवीनतम प्रविधि एवम् विविधतायुक्त निर्वाचन तथा मतदाता शिक्षा सामग्री निर्माण गर्ने ।**

**कार्यनीति :**

१३.१० विविधतायुक्त निर्वाचन तथा मतदाता शिक्षा सामग्री निर्माण गरी बहु माध्यमको प्रयोगद्वारा कार्यक्रमहरू सञ्चालन गरिनेछ,

१३.११ निर्वाचन तथा मतदाता शिक्षा सामग्रीहरूको पुनरावलोकन गरी लैङ्गिक संवेदनशील, समावेशी, अपाङ्गमैत्री, युवा लक्षित, यौनिक अल्पसङ्ख्यकमैत्री तथा भौगोलिक क्षेत्र अनुकूल बनाइनेछ,

१३.१२ प्रविधिको प्रयोग गरी सञ्चालन गरिएका मतदाता शिक्षा सम्बन्धी सफल अभ्यासको अध्ययन गरी उपयुक्त अभ्यास र प्रविधिको अवलम्बन गरिनेछ,

१३.१३ निर्वाचन तथा मतदाता शिक्षालाई बृहतरूपमा सञ्चालन गर्न मिडिया हाउस, अनलाईन तथा सामाजिक सञ्जालका पोर्टलसँग समन्वय तथा सहकार्य गरिनेछ ।

१३.१४ खुला सिकाई (Open learning) को अवधारणा अनुसार प्रविधिमा आधारित नागरिक तथा मतदाता शिक्षा सामग्री तयार गरी सुधारात्मक मूल्याङ्कन र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइने छ ।

१३.१५ सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित विद्युतीय पुस्तकालयहरुमा निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी डिजिटल पाठ्यसामग्री उपलब्ध गराइने छ ।

१३.१६ सूचना, जानकारी एवम् सन्देशमूलक निर्वाचन तथा मतदाता शिक्षा सामग्री तयार गरी आमसञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत प्रकाशन, प्रसारण र प्रवाह हुने व्यवस्था मिलाइने छ ।

१३.१७ सूचना, जानकारी तथा सन्देशमूलक निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी श्रव्य, दृश्य एवम् श्रव्यदृश्य सामग्री तयार गरी आममतदाताको पहुँचयुक्त स्थलहरु र सेवाग्राहीको बढी चाप हुने स्थलहरुमा Digital Platform हरु तयार गरी सम्प्रेषण गर्ने व्यवस्था मिलाइने छ ।

**रणनीति ३: निर्वाचन तथा मतदाता शिक्षालाई संघ तथा प्रदेश सरकार र स्थानीय तह एवम् अन्य सरोकारवालासँगको समन्वय र सहकार्यमा प्रभावकारी बनाउने ।**

**कार्यनीति**

१३.१८ निर्वाचन तथा मतदाता शिक्षाका लागि केन्द्र, प्रदेश र स्थानीय सरकार बीच समन्वय, सहकार्य र साझेदारी गरिनेछ,

१३.१९ प्रतिष्पर्धात्मक परीक्षाका पाठ्यक्रममा समेत निर्वाचन तथा मतदाता शिक्षालाई समावेश गर्न सम्बद्ध निकायसँग समन्वय तथा सहकार्य गरिनेछ,

१३.२० निर्वाचन तथा मतदाता शिक्षाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था एवम् विकास साझेदार संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ,

१३.२१ निर्वाचन तथा मतदाता शिक्षा सञ्चालनको लागि राजनीतिक दलहरूसँग समन्वय तथा सहकार्य गरिनेछ,

१३.२२ विद्यालयमा आधारित शिक्षण सिकाईमा जोड दिई स्थानीय तहको समन्वयमा सबै उच्च माध्यमिक विद्यालयमा निर्वाचन तथा मतदाता शिक्षा दिने व्यवस्था मिलाइनेछ,

१३.२३ विद्यालय तहको नागरिक शिक्षामा निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी विषयवस्तु समावेश गर्न सम्वद्ध निकायसँग समन्वय तथा सहकार्य गरिनेछ,

१३.२४ सबै सरोकारवालाहरूबाट प्रतिबद्धता प्राप्त गर्ने र प्रतिवद्धता कार्यान्वयनको नियमित अनुगमन गर्ने व्यवस्था मिलाई निर्वाचनमा सबै, सधैं, सँगै रहने वातावरण निर्माण गरिनेछ ।

## १४. अपेक्षित उपलब्धि :

१४.१ निर्वाचन तथा मतदाता शिक्षामा सबै क्षेत्र, वर्ग, समुदाय र लिङ्गका मतदाताको पहुँच अभिवृद्धि भएको हुनेछ,

१४.२ निर्वाचन तथा मतदाता शिक्षाका सूचना र विषयवस्तुहरू नवीनतम प्रविधिको प्रयोग गरी मतदाता समक्ष सम्प्रेषण र प्रवाह भएको हुनेछ,

१४.३ निर्वाचन प्रक्रियामा मतदाताहरूको सहभागिता अभिवृद्धि भएको हुनेछ,

१४.४ निर्वाचन तथा मतदाता शिक्षा मार्फत सुसूचित मतदाता तयार भई बदर मत उल्लेख्य रुपमा कम भएको हुनेछ,

१४.५ निर्वाचन तथा मतदाता शिक्षा मार्फत निर्वाचनमा सरोकारवालाको समन्वय र सहकार्य अभिवृद्धि भई स्वच्छ, स्वतन्त्र निर्वाचन सम्पन्न भई लोकतन्त्रमा टेवा पुऱ्याउन सहयोग पुगेको हुनेछ,

१४.६ निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी श्रव्यदृश्य सामग्री तयार भई आमसञ्चार माध्यम र सामाजिक सञ्जाल एवम् Digital Platform हरु मार्फत प्रवाह भएको हुनेछ,

१४.७ निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी कार्यक्रम स्थानीय तह मार्फत समेत सञ्चालन भएको हुनेछ ।

## १५. संस्थागत व्यवस्था :

### १५.१. निर्देशक समिति :

निर्वाचन तथा मतदाता शिक्षा नीतिमा उल्लेख भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयका लागि देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ :

| | |
|---|---|
| (क) निर्वाचन आयुक्त (सम्बन्धित विषय हेर्ने) | - संयोजक |
| (ख) सचिव, निर्वाचन आयोग | - सदस्य |
| (ग) सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (घ) सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| (ङ) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| (च) सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - सदस्य |
| (छ) महाशाखा प्रमुख (सबै), निर्वाचन आयोग | - सदस्य |
| (ज) सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा, निर्वाचन आयोग | - सदस्य सचिव |

### १५.२. निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी विषयमा नीतिगत निर्णय गर्न आयोगलाई सहयोग गर्ने ।

(ख) निर्वाचन सम्बद्ध मौजुदा एवम् नयाँ निर्माण हुने कानूनमा निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी व्यवस्था समावेश गर्न सहजीकरण र समन्वय गर्ने ।

(ग) कार्यान्वयन समितिबाट पेश भएका कार्यक्रम, कार्ययोजना एवम् अन्य विषयवस्तु उपर छलफल गरी उपयुक्तताका आधारमा स्वीकृति प्रदान गर्ने ।

(घ) निर्वाचन तथा मतदाता शिक्षा कार्यान्वयन सम्बन्धी विषयमा आवश्यकता अनुसार विज्ञ वा विज्ञ समूह मार्फत अध्ययन तथा अनुगमन गराई प्राप्त सुझाव कार्यान्वयन गर्ने, गराउने ।

(ङ) निर्वाचन तथा मतदाता शिक्षा कार्यान्वयनको लागि आयोगका साझेदार संस्था, नागरिक समाज तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्यका लागि सहजीकरण गर्ने ।

(च) नीति कार्यान्वयनको सन्दर्भमा आवश्यकता अनुसार सचिवालय र कार्यान्वयन समितिलाई निर्देशन दिने ।

(छ) आयोगबाट तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

### १५.३. कार्यान्वयन समिति :

निर्वाचन तथा मतदाता शिक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्न गराउन आयोगमा देहाय बमोजिमको कार्यान्वयन समिति गठन गरिनेछ :-

| | |
|---|---|
| (क) सचिव, निर्वाचन आयोग | - संयोजक |
| (ख) सहसचिव (सम्बन्धित महाशाखा हेर्ने), निर्वाचन आयोग | - सदस्य |
| (ग) उपसचिव, प्रशासन शाखा, निर्वाचन आयोग | - सदस्य |
| (घ) उपसचिव, आर्थिक प्रशासन शाखा | - सदस्य |
| (ङ) उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (च) उपसचिव, गृह मन्त्रालय | - सदस्य |
| (छ) उपसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - सदस्य |
| (ज) उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| (झ) प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ | - सदस्य |
| (ञ) प्रतिनिधि, नगरपालिका संघ | - सदस्य |
| (ट) प्रतिनिधि, जिल्ला समन्वय समिति महासंघ | - सदस्य |
| (ठ) प्रतिनिधि, नेपाल पत्रकार महासंघ | - सदस्य |
| (ड) उपसचिव, निर्वाचन शिक्षा तथा तालीम शाखा, निर्वाचन आयोग | - सदस्य सचिव |

### १५.४. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मतदाता शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्ने र स्वीकृति बमोजिम कार्यान्वयन गर्ने गराउने ।

(ख) निर्देशक समिति तथा सचिवालयको निर्देशन अनुसार नीति कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तर्जुमा गरी निर्देशक समितिको निर्णय बमोजिम कार्यान्वयन गर्ने गराउने ।

(ग) नीति अनुरूप मतदाता शिक्षा सामग्रीको पहिचान, विकास, उत्पादन, प्रबर्द्धन र वितरण गर्ने व्यवस्था मिलाउने ।

(घ) निर्वाचन तथा मतदाता शिक्षासँग सम्बन्धित कार्यका लागि अन्तर निकाय समन्वय गर्ने ।

(ङ) निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संघसंस्था, निकाय आदिको विवरण तयार गरी आवश्यकता अनुसार परिचालन र सहजीकरण गर्ने ।

(च) निर्वाचनका विकास साझेदार संस्थाले उत्पादन गरेका सामग्री अध्ययन तथा विश्लेषण गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्ने ।

(छ) निर्वाचन सम्वद्ध मौजुदा एवम् नयाँ निर्माण हुने कानूनमा समावेश गर्नुपर्ने निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी बिषयहरु पहिचान गरी निर्देशक समिति समक्ष पेश गर्ने ।

(ज) नीति कार्यान्वयनमा संलग्न हुने जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्न आवश्यकता अनुसार प्रशिक्षणको व्यवस्था गर्ने ।

(झ) निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी गुनासाहरूको सुनुवाई गर्ने ।

(ञ) नीति कार्यान्वयनको निम्ति सञ्चालित कार्यक्रम तथा क्रियाकलापहरूको समीक्षा, अनुगमन, मूल्याङ्कन तथा परीक्षणको व्यवस्था गर्ने, गराउने ।

(ट) निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी भएका अध्ययन, अनुसन्धानबाट प्राप्त सुझावहरू अध्ययन तथा विश्लेषण गरी निर्देशक समिति समक्ष पेश गर्ने ।

(ठ) निर्वाचन तथा मतदाता शिक्षासँग सम्बन्धित सामग्रीको सम्प्रेषण, प्रचार प्रसारको उपयुक्त माध्यमको छनौट र समय तालिका निर्माण गरी निर्देशक समितिको स्वीकृतिमा कार्यान्वयन गर्ने गराउने ।

(ड) निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी आयोग तथा अन्य निकायबाट सञ्चालित कार्यक्रमको समीक्षा गरी वार्षिक प्रतिवेदन तयार गर्ने ।

(ढ) निर्देशक समितिबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

### १५.५ जिल्ला कार्यान्वयन समिति :

निर्वाचन तथा मतदाता शिक्षा नीतिले निर्दिष्ट गरेका विषयलाई जिल्लास्तरका सरोकारवाला निकायहरूसँग समन्वय, साझेदारी र अन्तर सम्बन्ध कायम गरी कार्यान्वयन गर्न गराउन देहाय बमोजिमको निर्वाचन तथा मतदाता शिक्षा नीति जिल्ला कार्यान्वयन समिति गठन गरिनेछ :

(क) निर्वाचन अधिकारी, प्रदेश/जिल्ला निर्वाचन कार्यालय - संयोजक

(ख) प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय एक जना - सदस्य

(ग) जिल्ला समन्वय अधिकारी वा निजले तोकेको जिससको प्रतिनिधि एक जना - सदस्य

(घ) जिल्ला भित्रका सामाजिक अध्ययन विषय शिक्षक मध्येबाट निर्वाचन अधिकारीले तोकेको शिक्षक एक जना - सदस्य

(ङ) जिल्ला सदरमुकाम स्थित स्थानीय तहको शिक्षा वा सामाजिक विकास हेर्ने कर्मचारी एक जना - सदस्य

(च) प्रतिनिधि, नेपाल पत्रकार महासंघका जिल्ला समिति - सदस्य

(छ) जिल्लाभित्र निर्वाचन तथा मतदाता शिक्षा वा सामाजिक जागरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संस्था वा नागरिक समाजमध्येबाट निर्वाचन कार्यालयले तोकेको व्यक्ति एक जना - सदस्य

(ज) संयोजकले तोकेको निर्वाचन कार्यालयको कर्मचारी - सदस्य सचिव

जिल्ला कार्यान्वयन समितिमा कम्तीमा एक जना महिला रहने व्यवस्था गरिनेछ र प्रत्येक दुई वर्षमा समितिको पुनर्गठन गरिनेछ ।

### १५.६. जिल्ला कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नीतिको प्रभावकारी कार्यान्वयनको लागि जिल्लाका स्थानीय तह, जिल्लास्थित सरकारी कार्यालय, गैरसरकारी संस्था, नागरिक समाज तथा अन्य सरोकारवालासँग समन्वय गर्ने ।

(ख) नीतिको कार्यान्वयनको लागि जिल्लामा प्रचलित भाषा, संस्कृति, परम्परा एवम् स्थानीय समुदाय, निर्वाचन विज्ञ तथा स्रोत व्यक्ति र सघसंस्थाको सूची तयार गरी कार्यान्वयन समितिबाट माग भए बमोजिम तयार पार्ने ।

(ग) जिल्लामा सञ्चालन हुने निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम कार्यान्वयनको लागि कार्ययोजना तयार गरी कार्यान्वयन समितिमा पेश गर्ने व्यवस्था मिलाउने ।

(घ) विभिन्न संघसंस्था र निकायबाट निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी जिल्लाभित्र सञ्चालित कार्यक्रम तथा क्रियाकलापहरुको प्रतिवेदन तयार गरी चौमासिक तथा वार्षिक रुपमा कार्यान्वयन समितिमा पठाउने ।

(ङ) जिल्लाभित्र निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संघसंस्था तथा निकायको विवरण तयार गरी कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने,

(च) यस नीति बमोजिम स्थानीय तहमा निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न स्थानीय तहहरुलाई प्राविधिक सहयोग तथा सहजीकरण गर्ने,

(छ) निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी सूचना सामग्रीलाई सामाजिक सञ्जाल र आमसञ्चार माध्यम मार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाउने र सम्प्रेषण सम्बन्धी कार्यको नियमन गर्ने ।

(ज) स्थानीय स्तरमा गैरसरकारी संस्था, नागरिक समाज तथा अन्य सरोकारवालाहरूलाई निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न स्वीकृतिका लागि आयोगमा पेश गर्ने एवम् सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा नियमन गर्ने ।

(झ) जिल्लास्थित सरोकारवालाबाट प्राप्त निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी गुनासाहरूको सुनुवाई गर्ने ।

(ञ) आयोगले उत्पादन गरी जिल्लामा प्राप्त भएका निर्वाचन तथा मतदाता शिक्षा सामग्री सुरक्षित रूपमा अभिलेख तथा भण्डारण एवम् आवश्यकता अनुसार सरोकारवालालाई उपलव्ध गराउने व्यवस्था मिलाउने ।

(ट) स्थानीय स्तरमा हुने निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी अध्ययन, अनुसन्धानलाई आवश्यक सहयोग र समन्वय गर्ने ।

## १६. प्रमुख कार्यक्रम

निर्वाचन तथा मतदाता शिक्षा नीति कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गरिने छन् :-

### १६.१. नीतिगत एवम् कानूनी सुधार

आयोगको निर्वाचन तथा मतदाता शिक्षाको नीतिगत व्यवस्थालाई निर्वाचन सञ्चालन तथा व्यवस्थापनका क्रममा आम नागरिकको सहभागिता अभिवृद्धि गर्दै कार्यान्वयनमा लैजाने र निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको विश्लेषण तथा आवश्यकता अनुसार सुधार गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिने छ । आयोगबाट तर्जुमा हुने नीति तथा कानूनमा यस नीतिले निर्दिष्ट गरेका विषयलाई समावेश गर्दै लगिनेछ ।

### १६.२. संस्थागत सुधार र जनशक्ति व्यवस्थापन

निर्वाचन शिक्षा तथा मतदाता जागरण कार्यक्रमको व्यवस्थापन, सञ्चालन र नियमनका लागि आयोगको आन्तरिक संस्थागत व्यवस्था सुदृढ पारिनेछ । आवश्यक जनशक्ति व्यवस्था गरी कर्मचारीको क्षमता अभिवृद्धिमा जोड दिँदै अनुभवी जनशक्तिलाई आयोगमा टिकाइराख्ने व्यवस्था गरिनेछ । निर्वाचनको अवधिमा आवश्यक पर्ने थप जनशक्तिका लागि दक्ष जनशक्तिको रोष्टर तयार पारी त्यस्तो जनशक्ति प्राप्तिका लागि बाह्य निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

१६.३. **निर्वाचन तथा मतदाता शिक्षा सामग्री उत्पादन तथा सम्प्रेषण**
निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी सामग्रीहरूको उत्पादन, सञ्चालन, अध्ययन तथा अनुसन्धान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

१६.४ **लैङ्गिक तथा समावेशी समूह लक्षित बृहत मतदाता शिक्षा कार्यक्रम**
निर्वाचन तथा मतदाता शिक्षालाई विभिन्न भौगोलिक, सामाजिक, विषयगत, भाषिक, लैङ्गिक तथा समावेशी समूह, अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा विस्तार गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१६.५ **निर्वाचन तथा मतदाता शिक्षामा नविन प्रविधिको प्रयोग**
निर्वाचन तथा मतदाता शिक्षामा आम नागरिक तथा मतदाताको पहुँच विस्तारको लागि नविन प्रविधिको प्रयोग गरिनेछ ।

## १७. वित्तीय व्यवस्था :

यो नीति कार्यान्वयनका लागि कार्ययोजना बनाई आवश्यक हुने श्रोत साधन नेपाल सरकार तथा अन्य उपलब्ध श्रोतबाट परिचालन गरिनेछ । नीति कार्यान्वयनको लागि व्यवस्था गरिएका समितिहरुको बैठक खर्चको आवश्यक व्यवस्था मिलाइनेछ । प्रविधि र प्राविधिक उपकरणको व्यवस्था गर्न तथा जनशक्तिको क्षमता विकासका लागि  आवश्यकतानुसार नेपाल सरकारको वैदेशिक सहायता नीतिको परिधिभित्र रही विकास साझेदार संस्थाको श्रोत समेत परिचालन गर्न सकिनेछ । वित्तीय प्रबन्धका लागि आवश्यकतानुसार प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज तथा निर्वाचनका सरोकारवालासँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

## १८. कार्यान्वयन कार्ययोजना :

नीति कार्यान्वयनका लागि आयोगले सम्वद्ध पक्षहरूसँगको समन्वय र सहकार्यमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नेछ । यस नीतिले निर्दिष्ट गरेका कार्यक्रम सञ्चालनका लागि आयोगको वार्षिक कार्यक्रमसँग आबद्ध गरिनेछ ।

## १९. जोखिम :

रणनीति कार्यान्वयनको सन्दर्भमा रणनीति अनुकूल हुनेगरी दक्ष जनशक्तिको उपलब्धता, कार्य निरन्तरता, कानूनी सुधार, आवश्यक साधन स्रोतको व्यवस्थापन, आम नागरिकको पहुँचमा सुनिश्चितता र विकास साझेदार संस्थाहरूसँगको सहकार्यको निरन्तरता लगायतका पक्षहरू जोखिमको रूपमा पहिचान गरिएका छन् ।

## २०. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था :

२०.१. आयोग तथा विभिन्न निकायहरूबाट सञ्चालित निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाइनेछ ।

२०.२ निर्वाचन अवधि तथा अन्य समयमा निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रमको सुपरीवेक्षण एवम् अनुगमन र मूल्याङ्कनका लागि छुट्टा छुट्टै संयन्त्रको  व्यवस्था गरिनेछ ।

२०.३ आयोग सचिवालय र अन्तर्गत कार्यालयहरूबाट यस नीतिको कार्यान्वयन कार्ययोजना बमोजिम भए गरेका काम कारबाहीको आयोगले निरन्तर अनुगमन र मूल्याङ्कन गर्नेछ ।

यस्तो अनुगमन मूल्याङ्कनको कार्य आयोगको नियमित संयन्त्र र यस रणनीति बमोजिम गठित निर्देशक समिति मार्फत गरिनेछ ।

२०.४ आवश्यकता अनुसार विज्ञ वा विज्ञ समूह मार्फत नीति कार्यान्वयनको मूल्याङ्कन गराई पृष्ठपोषण लिन सकिनेछ ।

२०.५ निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी आयोग र अन्य निकाय एवम् संघसंस्थाका कार्यक्रमको समीक्षा गरी वार्षिक प्रतिवेदन तयार गरिनेछ ।

२०.६ निर्वाचन तथा मतदाता शिक्षाको अनुगमन तथा नियमनका लागि आयोगका जनशक्तिको क्षमता विकास गरिनेछ ।

२०.७ रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था निर्वाचनमा निर्वाचन तथा मतदाता शिक्षा व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ ।

**२१. नीति पुनरावलोकन र परिमार्जन :**

**निर्वाचन तथा मतदाता शिक्षा नीति** गतिशील दस्तावेजको रूपमा रहनेछ । आयोगले उपलब्ध सुझाव, प्रतिक्रिया र पृष्ठपोषण समेतका आधारमा नीतिको पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ । आयोगले यस नीतिको कार्यान्वयनमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२२. खारेजी र बचाउ :**

(क) मतदाता शिक्षा नीति, २०७०, मतदाता शिक्षा नीति, २०७३ र मतदाता शिक्षा नीति, २०७४ खारेज गरिएका छन् ।

(ख) मतदाता शिक्षा नीति, २०७०, मतदाता शिक्षा नीति, २०७३ र मतदाता शिक्षा नीति, २०७४ बमोजिम भए गरेका काम कारबाही यसै नीति बमोजिम भए गरेको मानिने छ ।